# भद्रपुर नगर कार्यपालिकाको कार्यालय

भद्रपुर ,झापा

प्रदेश नं १, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०७५/०५/०१)

भद्रपुर नगर कार्यपालिकाको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यलय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www. bhadrapurmun.gov.np बाट उपलब्ध हुनेछ ।

१ **आवश्यक पद**

| सि.नं. | सुचना न | पद नाम | संख्या |
|---|---|---|---|
| 1 | १/२०७५÷०७६ | सव इन्जिनीयर | ३ |
| 2 | २/२०७५÷०७६ | अमिन | १ |

२. **शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक ।

२. सव इन्जिनीयर पदको लागि : न्यूनतम योग्यता नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र वा डिप्लोमा तह उर्तीण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

३. अमिन पदको लागि : मान्यता प्राप्त शिक्षण सस्थावाट गणित विषय लिइ एस एल सी वा सो सरह उर्तीण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा एक वर्ष तालिम प्राप्त गरेको ।

४. अनुभवको हकमा **तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरी** सम्बद्ध कार्यमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको ।

५. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।महिलाको हकमा ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. **दरखास्तमा संलग्न गर्नुपर्नेः** इच्छुक आवेदकले लोक सेवा आयोगले निर्धारण गरेको ढाँचामा फाराम भरी तोकिएको मितीमा हालसालै खिचाएको पासपोर्ट साइजको फोटो, उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४ **परीक्षा दस्तुर**

- सव इन्जिनीयर पदको लागि : **रु ७००,** अमिन पदको लागि : **रु ५००**

5 **परीक्षाको किसिम सुचिकरण तथा अन्तरवार्ता**

6 **दरखास्ता फाराम पाउने र वुझाउने स्थान** भद्रपुर नगरपालिका नगरकार्यपालिकाको कार्यलय प्रशासन उप शाखा

**दरखास्ता फाराम वुझाउने अन्तिम मिती** २०७५।०५।१९ गते

7 **अन्तर्वार्ता**

- *सव इन्जिनीयर* पदको लागि मिती २०७५।०५।२३ गते विहान ७ वजे भद्रपुर नगरपालिकामा
- *अमिन* पदको लागि २०७५।०५।२३ गते विहान ११ वजे भद्रपुर नगरपालिकामा

प्रमुख प्रशासकीय अधिकृत